"खानेपानी,सडक, विद्युत, कृषि, पर्यटन, संचार, खेलकुद, स्वास्थ्य, शान्तिसुरक्षा र शिक्षा पौवादुङ्मावासीलाई उपलब्ध गराउने गाउँपालिकाको ईच्छा"

# पौवादुङ्मा गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय

च्याङ्ग्रे, भोजपुर
१ नं. प्रदेश, नेपाल

पत्र स.:-२०७७/७८

चलानी नं.:- ६१६

मितिः- २०७७/०९/०८

विषयः प्रस्तावना पेश गर्ने सम्बन्धमा ।

श्री सबै सामुदायिक विद्यालयहरु,

पौवादङमा गाउँपालिका, भोजपुर ।

प्रस्तुत विषयमा चालु आ. व. २०७७/२०७८ मा शिक्षा तथा मानव स्रोत विकास केन्द्रबाट यस स्थानीय तहका लागि सामुदायिक विद्यालयहरुमा कार्यान्वयन हुने गरी तपसिलका स्वीकृत कार्यक्रमहरु प्राप्त भएकोले कार्यक्रम कार्यान्वयन पुस्तिका २०७७/०७८ अनुसार तथा सामाजिक विकास समितिको मिति २०७७/०९/०३ गते बसेको वैठकको निर्णयानुसार तपसिल बमोजिमका कागजात साथ कार्यक्रम प्रस्तावना मिति २०७७/०९/२२ गते सम्म यस कार्यालयमा कार्यालय समय भित्र शिक्षा शाखामा पेश गर्न हुन अनुरोध छ ।

तपसिलः

| क्र. स. | कार्यक्रम | रकम रु. | संख्या | कार्यक्रममा सहभागी हुन पाउने विद्यालयहरु | संलग्न गर्नुपरने कागजातहरु |
|---|---|---|---|---|---|
| १. | WASH सुविधा सहितको शौचालय | ७ लाख | २ | सबै सामुदायिक विद्याललयहरु | १. प्रस्तावना<br>२. शौचालय मागका लागि विद्यालयको पत्र<br>३. वि. व्या. स. ले गरेको निर्णय प्रतिलिपि |
| २. | मद्यामिक विद्यालय पुस्तकालय स्थापना तथा व्यवस्थापन (फर्निसिङ, किताब खरिद तथा ई-पुस्तकालय) | ६ लाख ५० हजार | १ | सबै सामुदायिक माध्यामिक र कक्षा १-८ सञ्चलित आधारभुत विद्यालयहरु | १. प्रस्तावना<br>२. वि. व्या. स. को निर्णय प्रतिलिपि<br>३. यसअघि यस प्रकृतिको कार्यक्रम कुनै सरकारी तथा गैरसरकारी निकायबाट प्राप्त नगरेको भन्ने स्वघोषणा सहितको अनुदान माग पत्र |
| ३. | माध्यमिक विद्यालय विज्ञान प्रयोगशाला व्यवस्थापन | ६ लाख ५० हजार | १ | सबै सामुदायिक माध्यामिक र कक्षा १-८ सञ्चलित आधारभुत विद्यालयहरु | |
| ४. | शिक्षण सिकाईमा ICT प्रयोग ( कम्प्युटर, इन्टरनेट, कनेक्टिभिटि इक्युप्मेण्ट्स तथा kits खरिद) | ६ लाख ५० हजार | १ | सबै सामुदायिक माध्यामिक र कक्षा १-८ सञ्चलित आधारभुत विद्यालयहरु | |
| ५. | गणित, विज्ञान र अंग्रेजी विषयका लागि क्रियाकलापमा आधारित सामग्री kits अनुदान | ५० हजार | १ | आधारभुत तह कक्षा ६-८ सञ्चालित विद्यालयहरु | १. अनुदान रकम मागका लागि विध्यालयको पत्र<br>२. वि. व्या. स. को निर्णय प्रतिलिपि<br>३. विद्यालयले पाठ्क्रम विकास |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | | | केन्द्रबाट विकास एवं स्विकृत भएका गणित, विज्ञान र अंग्रेजी विषयका सामग्री व्यवस्थापन गरी शिक्षण सिकाई क्रियाकलापमा सहजीकरण गर्नका लागि तयार पारिएको प्रस्तावना |
| ६. | तोकिएको सुचकाङ्कको आधारमा कार्यसम्पादन सम्पन्न गर्ने विध्यालयलाई कार्यसम्पादनमा आधारित प्रोत्साहन अनुदान | ५० हजार | ५ | सबै सामुदायिक विध्यालयहरु | १. अनुदान रकम मागका लागि विध्यालयको पत्र<br>२. वि. व्य. स. को निर्णय प्रतिलिपि<br>३. विद्यालयले स्वमुल्याङकन अंक भरी प्रधानाध्यापकबाट प्रमाणित गरेको विद्यालय अनुदान व्यवस्थापन निर्देशिका- २०७४ को अनुसुची- ३ बमोजिमको कार्यसम्पादन फारम (www.doe.gov.np) बाट फारम download गर्ने |
| ७. | शिक्षकको शिक्षण सिकाईमा बिताउने समयावधी TSI सुधार योजना कार्यन्वयनका लागि विध्यालयलाई अनुदान | २ हजार | ३३ | सबै सामुदायिक विध्यालयहरु | १. अनुदान रकम मागका लागि विध्यालयको पत्र<br>२. शिक्षण सिकाई समय मापन/कार्यान्वयन कार्यविधि २०७४ का आधारमा कार्यसम्पादन गर्ने व्यहोरा उल्लिखित वि. व्य. स. ले गरेमो निर्णय प्रतिलिपि |

सुनिता कटुवाल
शिक्षा शाखा प्रमुख

प्रस्तावना पेश गर्ने सम्बन्धी सूचनाको क्र.सं. ६ को प्रयोजनार्थ प्रयोग हुने फारम।

# अनुसूची -३

## कार्यसम्पादन मूल्याङ्कन फाराम

१. **कार्यसम्पादन मूल्याङ्कन फाराम**

| क्षेत्र | कार्यसम्पादन सूचक | विद्यालयको स्वमूल्याङ्कन | विद्यालय निरीक्षक वा स्रोतव्यक्तिको मूल्याङ्कन | जिल्लास्तरीय प्राविधिक समितिबाट प्रमाणीकरण गरिएको प्राप्तांक | अङ्क दिने आधार | अङ्कभार |
|---|---|---|---|---|---|---|
| **विद्यालय व्यवस्थापन (१३ अङ्क)** | क) विद्यालय व्यवस्थापन समितिको गठन, बैठक तथा निर्णय कार्यान्वयन | | | | शिक्षा नियमावली अनुसार विद्यालय व्यवस्थापन समितिको गठन भएको भए १ , बैठकको १ तथा निर्णय कार्यान्वयन वापत २ अङ्क | ४ अङ्क |
| | ख) शिक्षक अभिभावक संघको गठन, बैठक तथा निर्णय कार्यान्वयन | | | | शिक्षक अभिभावक स ङ्घको गठन भएको भए १ , बैठक १ तथा निर्णय कार्यान्वयन वापत १ अङ्क | ३ अङ्क |
| | ग) बाल क्लबको गठन तथा परिचालन | | | | बाल क्लवको गठन १ तथा परिचालन वापत १ अङ्क | २ अङ्क |
| | घ) अभिभावक भेला र सुझाव कार्यान्वयन | | | | अभिभावक भेला १ र सुझाव कार्यान्वयन वापत १ अङ्क | २ अङ्क |
| | ङ) विद्यालय सुधार योजना कार्यान्वयनका लागि स्थानीय निकाय, सङ्घसंस्थाहरू सँगको सहकार्य | | | | विद्यालय सुधार योजना कार्यान्वयनका लांगि स्थानीय निकाय , सङ्घसंस्थाहरूसगँ सझौता गरी सहकार्य गरेको भए १ र अ ङ्क प्रगति अभिलखीकरण गरेको भए १ अङ्क | २ अङ्क |
| **विद्यालयको वार्षिक** | क) वार्षिक कार्ययोजनाको निर्माण तथा कार्यान्वयन | | | | वार्षिक कार्ययोजनाको निर्माण गरेको भए १ तथा कार्यान्वयन भएमा २ अङ्क | ३ अङ्क |

| क्षेत्र | कार्यसम्पादन सूचक | विद्यालयको स्वमूल्याङ्कन | विद्यालय निरीक्षक वा स्रोतव्यक्तिको मूल्याङ्कन | जिल्लास्तरीय प्राविधिक समितिबाट प्रमाणीकरण गरिएको प्राप्तांक | अङ्क दिने आधार | अङ्कभार |
|---|---|---|---|---|---|---|
| **शैक्षिक योजना (५ अङ्क)** | ४ वार्षिक शैक्षणिक योजनाको निर्माण तथा कार्यान्वयन | | | | प्रत्येक शिक्षकले वार्षिक शैक्षिक योजनाको निर्माण गरेको भए १ अ ङ्क तथा कार्यान्वयन भएमा १ अङ्क | २ अङ्क |
| **विद्यालय सुधार योजना (५ अङ्क)** | क) विद्यालय सुधार योजनाको निर्माण र वार्षिक अद्यावधिकरण | | | | विद्यालय सुधार योजनाको निर्माण भएको भए २ अङ्क, वार्षिक अद्यावधीकरण भएमा थप १ अङ्क | ३ अङ्क |
| | ख) विद्यालय सुधार योजनाको आधारमा वार्षिक विद्यालय कार्य योजनाको निर्माण र कार्यान्वयन | | | | विद्यालय सुधार योजनाको आधारमा वार्षिक विद्यालय सुधार योजनाको निर्माण भएको भए १ अङ्क र कार्यान्वयन भएमा थप १ अङ्क | २ अङ्क |
| **सुशासन र पारदर्शिता (१४ अङ्क )** | क) नियमित रूपमा सामाजिक परीक्षण गरी प्रतिवेदन बुझाएमा | | | | सामाजिक परीक्षण गरी प्रतिवेदन बुझाएमा ५ अङ्क | ५ अङ्क |
| | ख) नियमित रूपमा लेखा परीक्षण गरी प्रतिवेदन बुझाएमा | | | | लेखा परीक्षण गरी प्रतिवेदन बुझाएमा ३ अङ्क | ३ अङ्क |
| | ग) सुचनापाटीको व्यवस्था र प्रयोग भएको भए थप १ अङ्क | | | | सूचनापाटीको व्यवस्था भएमा १ र त्यसको प्रयोग भएको भए थप १ अङ्क | २ अङ्क |
| | घ) चौमासिक प्रतिवेदन संप्रेषण | | | | चौमासिक प्रतिवेदन सम्प्रेषण वापत २ अङ्क | २ अङ्क |

| क्षेत्र | कार्यसम्पादन सूचक | विद्यालयको स्वमूल्याङ्कन | विद्यालय निरीक्षक वा स्रोतव्यक्तिको मूल्याङ्कन | जिल्लास्तरीय प्राविधिक समितिबाट प्रमाणीकरण गरिएको प्राप्तांक | अङ्क दिने आधार | अङ्कभार |
|---|---|---|---|---|---|---|
| | ङ) विद्यार्थी, शिक्षक आचारसंहिता निर्माण र प्रयोग | | | | विद्यार्थी आचारसंहिता निर्माण र प्रयोग १ , शिक्षक आचारसंहिता निर्माण र प्रयोग १ अङ्क | २ अङ्क |
| न्यूनतम सिकाइ वातावरण (११ अङ्क) | क) कक्षागत बुककर्नरको व्यवस्था | | | | सबै कक्षामा बुककर्नरको व्यवस्था भएमा १ अङ्क | १ अङ्क |
| | ख) शिक्षण समय तालिका अनुसार शिक्षकको व्यवस्थापन | | | | शिक्षण समय तालिका अनुसार शिक्षकको व्यवस्थापन भएमा (साप्ताहिक कार्यतालिका रुटिन) १ | १ अङ्क |
| | ग) सबै विद्यार्थीहरूलाई सेटमा पाठ्यपुस्तकको उपलब्धता | | | | सबै विद्यार्थीहरूला ई शिक्षा नियमावलीले तोकेको समय सीमा भित्र सेटमा पाठ्यपुस्तकको उपलब्धता भएमा २ अङ्क | २ अङ्क |
| | घ) पाठ्यक्रमले निर्धारित गरेका उद्देश्य पुरा हुने गरी अतिरिक्त क्रियाकलापको सञ्चालन | | | | अतिरिक्त क्रियाकलाप सञ्चालनको योजनाका लागि १ अङ्क अभिलेखीकरण भएको भए थप १ अङ्क | २ अङ्क |
| | ङ) शैक्षिक सामग्रीको उपलब्धता र प्रयोग | | | | शैक्षिक सामग्रीको उपलब्धता १ र प्रयोग १ | २ अङ्क |
| | च) विशेष आवश्यकता भएका बालबालिकाहरूको लागि विद्यालयमा पहुँच र सिकाइ वातावरणको समुचित व्यवस्थापन, | | | | विभागले तोकको मापदण्ड अनुसार विशेष आवश्यकता भएका बाल बालिकाहरूको लागि विद्यालयमा पहुँच र सिकाइ वातावर णको समुचित व्यवस्थापन १ अङ्क | १ अङ्क |

| क्षेत्र | कार्यसम्पादन सूचक | विद्यालयको स्वमूल्याङ्कन | विद्यालय निरीक्षक वा स्रोतव्यक्तिको मूल्याङ्कन | जिल्लास्तरीय प्राविधिक समितिबाट प्रमाणीकरण गरिएको प्राप्तांक | अङ्क दिने आधार | अङ्कभार |
|---|---|---|---|---|---|---|
| | छ) लैङ्गिकमैत्री, बालमैत्री वातावरणको विकास | | | | विभागले तोकेको न्यूनतम मापदण्ड अनुसार लैङ्गिकमैत्री, बालमैत्री वातावरणको विकास का लागि २ अङ्क | २ अङ्क |
| **शिक्षण सिकाइ समय परिपालना (३ अङ्क)** | क) विद्यालय खुलेको दिन | | | | शिक्षा नियमावलीमा तोकिए अनुसार विद्यालय खुलेको दिनको अभिलेखीकरण विद्यार्थी हाजिर पुस्तिकामा अद्यावधिक भएमा १ अङ्क | १ अङ्क |
| | ख) शिक्षण सिकाइ क्रियाकलाप सञ्चालन भएको दिन | | | | शिक्षा नियमावलीमा तोकिए अनुसार शिक्षण सिकाइ क्रियाकलापको अभिलेखीकरण विद्यार्थी हाजिर पुस्तिकामा अद्यावधिक भएमा २ अङ्क | २ अङ्क |
| **विद्यार्थी मूल्यांकन तथा सिकाइ उपलब्धि विकास योजना (१९ अङ्क)** | क) पाठ्यक्रमले तोके अनुसार आवधिक परीक्षा सञ्चालन र विद्यार्थीलाई लिखित पृष्ठपोषण गरेमा | | | | पाठ्यक्रमले तोके अनुसार आवधिक परीक्षा सञ्चालन र वि द्यार्थीलाई लिखित पृष्ठपोषण गरेमा २ अङ्क | २ अङ्क |
| | ख) निरन्तर विद्यार्थी मुल्याङ्कन, आवधिक परीक्षाको पृष्ठपोषण सहित उपचारात्मक शिक्षण गरेमा | | | | निरन्तर विध्यार्थी मुल्याङ्कन ३, आवधिक परीक्षाको लिखित पृष्ठपोषण सहित उपचारात्मक शिक्षण गरेमा २ अङ्क | ५ अङ्क |
| | ग) प्रत्येक शिक्षकले विषयगत सिकाइ उपलब्धि विश्लेषण र अभिवृद्धि योजना तयारी र कार्यान्वयन | | | | विषयगत सिकाइ उपलब्धि विश्लेषण १ , अभिवृद्धि योजना १ र (शिक्षक) योजना अनुसार वृद्धि भएको देखिएमा १ अङ्क | ३ अङ्क |

| क्षेत्र | कार्यसम्पादन सूचक | विद्यालयको स्वमूल्याङ्कन | विद्यालय निरीक्षक वा स्रोतव्यक्तिको मूल्याङ्कन | जिल्लास्तरीय प्राविधिक समितिबाट प्रमाणीकरण गरिएको प्राप्तांक | अङ्क दिने आधार | अङ्कभार |
|---|---|---|---|---|---|---|
| | घ) विद्यालयको समग्र सिकाइ उपलब्धि विश्लेषण र अभिवृद्धि योजना तयारी र कार्यान्वयन | | | | विद्यालयको समग्र सिकाइ उपलब्धि विश्लेषण १ , अभिवृद्धि योजना १ र योजना अनुसार अभिवृद्धि भएको देखिएमा १ अङ्क | ३ अङ्क |
| | ङ) जिल्लाको औसत सिकाइ उपलब्धि भन्दा बढी भएमा | | | | जिल्लाको औसत सिकाइ उपलब्धि भन्दा बढी भएमा ४ अङ्क | ४ अङ्क |
| | च) विद्यालयले तयार गरेको प्रक्षेपित सिकाइ अभिवृद्धि योजनाको आधारमा न्यूनतम पचास प्रतिशतभन्दा बढी वृद्धि भएको | | | | सिकाइ अभिवृद्धि योजनाको आधारमा न्यूनतम पचास प्रतिसतभन्दा बढी वृद्धि भएको भए २ अङ्क | २ अङ्क |
| **विद्यालयको आन्तरिक सक्षमताको अवस्था (१३ अङ्क)** | क) सेवा क्षेत्रभित्र विद्यालय जाने उमेर समुहका बालवालिकाहरू विद्यालय बाहिर नरहेको | | | | सेवा क्षेत्रभित्र विद्यालय जाने उमेर समूहका (कक्षा १मा) बालव बालिकाहरू विद्यालय बाहिर नरहेको अभिलेखसहित एकिन भएको ४ अङ्क | ४ अङ्क |
| | ख) विद्यार्थीको टिकाउ राष्ट्रिय औसतभन्दा माथि रहेमा | | | | विद्यार्थीको टिकाउ राष्ट्रिय औषतभन्दा माथि रहेमा ५ अङ्क | ५ अङ्क |
| | ग) विद्यार्थीको कक्षा छाड्ने दर | | | | विद्यार्थीको कक्षा छाड्ने दर शून्य रहेमा ४ , राष्ट्रिय औषतभन्दा कम रहेमा २ अङ्क | ४ अङ्क |

| क्षेत्र | कार्यसम्पादन सूचक | विद्यालयको स्वमूल्याङ्कन | विद्यालय निरीक्षक वा स्रोतव्यक्तिको मूल्याङ्कन | जिल्लास्तरीय प्राविधिक समितिबाट प्रमाणीकरण गरिएको प्राप्तांक | अङ्क दिने आधार | अङ्कभार |
|---|---|---|---|---|---|---|
| भौतिक वातावरण (११ अङ्क) | क) शिक्षा नियमावलीमा तोकिएको मापदण्ड अनुसार विद्यार्थी सङ्ख्याको आधारमा फर्निचर तथा कक्षाकोठाको व्यवस्थापन | | | | शिक्षा नियमावलीमा तोकिएको मापदण्ड अनुसार विद्यार्थी सङ्ख्याको आधारमा फर्निचर तथा कक्षाकोठाको व्यवस्थापन ३ अङ्क | ३ अङ्क |
| | ख) विद्यालयको खानेपानी तथा पानीसहितको छात्रछात्रालाई अलग्गै शौचालयको व्यवस्था र WASH को सुविधा | | | | विद्यालयको खानेपानी १ तथा पानीसहितको छात्रछात्राका लागि अलग्गै शौचालयको व्यवस्था २ र WASH को व्यवस्था १ अङ्क | ४ अङ्क |
| | ग) विद्यालयमा खेलमैदान, घेरावेराको व्यवस्था | | | | विद्यालयमा खेलमैदान र घेरावेराको व्यवस्था भएमा १ अङ्क | १ अङ्क |
| | घ) विद्यालयमा अध्ययन व्यवस्थासहितको पुस्तकालय | | | | विद्यालयमा अध्ययन व्यवस्थासहितको पुस्तकालय भएमा १ अङ्क | १ अङ्क |
| | ङ) विज्ञान प्रयोगशालाको व्यवस्था | | | | विज्ञान प्रयोगशालाको व्यवस्था १ अङ्क | १ अङ्क |
| | च) सुरक्षित विद्यालय वातावरण | | | | भूकम्प प्रतिरोधी भवन , विपद् व्यवस्थापन पूर्वतयारी योजना र् अभ्यास १ अङ्क | १ अङ्क |

| क्षेत्र | कार्यसम्पादन सूचक | विद्यालयको स्वमूल्याङ्कन | विद्यालय निरीक्षक वा स्रोतव्यक्तिको मूल्याङ्कन | जिल्लास्तरीय प्राविधिक समितिबाट प्रमाणीकरण गरिएको प्राप्तांक | अङ्क दिने आधार | अङ्कभार |
|---|---|---|---|---|---|---|
| **शैक्षिक सूचना तथा प्रविधिको प्रयोगको अवस्था ( ६)** | क) विद्यालयमा सूचना तथा प्रविधिका साधनहरूको उपलब्धता | | | | कम्प्युटर, ल्यापटप, प्रिन्टर, प्रोजेक्टर, इन्टरनेटको उपलब्धता भएमा २ अङ्क | २ अङ्क |
| | ख) व्यवस्थापकीय कार्यमा सूचना तथा प्रविधिको प्रयोग | | | | व्यवस्थापकीय कार्यमा सूचना तथा प्रविधिको प्रयोग १ अङ्क | १ अङ्क |
| | ग) शिक्षण सिकाइ क्रियाकलापमा सूचना तथा प्रविधिको प्रयोग | | | | शिक्षण सिकाइ क्रियाकलापमा सूचना तथा प्रविधिको प्रयोग ३ अङ्क | ३ अङ्क |
| | | | **जम्मा** | | | **१००** |

**नोट:**

१. कार्यसम्पादन अनुदान प्राप्त गर्नका लागि विद्यालयले माथि उल्लिखित सूचकहरूमा विद्यालय व्यस्थापन समितिको गठन , सामाजिक परीक्षण , विद्यालय सुधार योजना र वार्षिक अद्यावधिकरण, सेटमा पाठ्यपुस्तकको उपलब्धता , लेखा परीक्षण, चौमासिक प्रतिवेदन सम्प्रेषण, शिक्षकको उपस्थिति र विद्यालयको वार्षिक शैक्षिक योजना निर्माण र कार्यान्वयनमा तोकिएको अंक सहित ५० अंक ल्याएकै हुनुपर्ने छ ।

२. प्राप्त अङ्कको आधारमा आधारभूत तहको विद्यालयहरूले बढीमा दुई लाखसम्म तथा माध्यमिक तहको विद्यालयले बढीमा पाँच लाख प्रोत्साहन अनुदान प्राप्त गर्नेछन्।